आज मिति २०७९ साल फागुन १७ गते दिनको ११ बजे यस भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभा कक्षमा तपसिल बमोजिमको उपस्थितीमा बसी तपसिल अनुसारका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
~~श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९~~
श्री उषा राकाया का.वा. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु :

श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री कुलबहादुर खड्का, अधिकृत छैटौं
श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री वीरबहादुर चुनारा, सहयोगी

निर्णय प्रमाणित

प्रस्तावहरु :

| क्र.सं. | एजेन्डाहरू: |
|---|---|
| १ | SUSWA र HELVETAS परियोजनासँग साझेदारी योजना छनौट गर्ने सम्बन्धमा । |
| २ | प्रदेश सरकारलाई योजना छनौट गरी पठाउने सम्बन्धमा । |
| ३ | विविध सम्बन्धमा । |

**प्रस्ताव नं. १ : SUSWA र HELVETAS परियोजनासँग साझेदारी योजना छनौट गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिका र SUSWA एवं HELVETAS संस्था बीच साझेदारी गरी खानेपानी योजना सन्चालन गर्नका लागि तपसिल बमोजिमका योजनाहरु छनौट गरियो साथै उक्त योजनाहरुको निर्माण कार्य सन्चालन गर्न र बजेट व्यवस्था गर्नका लागि उक्त संस्थाहरुलाई अनुरोधका साथ सिफारिस समेत गरी पठाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | धुर्सेनी कोलडाँडा गुँरासे खानेपानी आयोजना | १ | |
| २ | डम्मपानी काल्पानी लिफ्ट खानेपानी आयोजना | २ | |
| ३ | बुलबुले सानोडुंगी एकराते सिस्नेखुटी खानेपानी आयोजना | ३ | |
| ४ | सानोहर्रे लिफ्ट खानेपानी आयोजना | ४ | |
| ५ | भर्लेनी खानेपानी आयोजना | ५ | |
| ६ | भुल्केपानी (जलुकेनी, काभ्रे) खानेपानी आयोजना (मुल आयोजना) | ६, ७ | |
| ७ | मुलपानी विद्यालय र डुमकोट लिफ्ट खानेपानी आयोजना (बैकल्पीक) | ७ | |
| ८ | सहारे पातीआल्ना देउती मन्दीर खानेपानी आयोजना | ८ | |
| ९ | झिङ्नी खोला डाँगीको मुल देखि जहरे बजार खानेपानी आयोजना (मुल आयोजना)<br>(बैकल्पीक: ठुलो जात्री राताडाँडा लिफ्ट खानेपानी आयोजना) | ९ | |
| १० | गोगनपानी मदानीचौर झिङेनारा लिफ्ट खानेपानी आयोजना | १० | |
| ११ | किउरेनी माछेताल गोठेरी खानेपानी आयोजना | ११ | |
| १२ | फलाटे मसिना जाजरकोटी टोल खानेपानी आयोजना | १२ | |
| १३ | करेलीखोला आपँघारी टोल लिफ्ट खानेपानी आयोजना | १३ | |

**प्रस्ताव नं. २ : प्रदेश सरकारलाई योजना छनौट गरी पठाउने सम्बन्धमा ।**

निर्णय नं. २ : कर्णाली प्रदेश सरकारको प्राप्त पत्र अनुसार आ.व. २०८०/०८१ का लागि स्थानीय तहमा कर्णाली प्रदेश समपूरक तथा बिशेष अनुदान अन्तर्गत सन्चालन गरिने आयोजनाका लागि यस भेरीगंगा नगरपालिकाबाट तपसिल बमोजिमका आयोजनाहरु सिफारिस गरी कर्णाली प्रदेश सरकारमा पठाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

निर्णय प्रमाणित

तपसिल

समपुरक अनुदान तर्फ

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिकाको प्रशासनिक भवन | १२ | |
| २ | फोहोरमैला व्यवस्थापन (प्रसोधन केन्द्र र ल्याण्डफिल साइट समेत) | १२ | |

विशेष अनुदान तर्फ

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | मैनतडा आयुर्वेद औषधालय भवन | ९ | |
| २ | मा.वि. सनिमोर विद्यालय भवन | २ | |
| ३ | मा.वि. च्यूरीगैरा विद्यालय भवन | ५ | |
| ४ | उन्यूघारी खोला वडा नं. ६ र ७ जोड्ने कल्भर्ट | ६, ७ | |

**प्रस्ताव नं. ३ : विविध सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ (क) : महिलाको पाठेघरको निःशुल्क क्यान्सर छनौट विशेषज्ञ शिविर सन्चालन सम्बन्धमा ।**

निर्णय नं. ३ (क) : नेपाल सशस्त्र प्रहरी बल अस्पताल काठमाण्डौंको आयोजना र भेरीगंगा नगरपालिकाको समन्वयमा मिति २०७९/११/१८ गतेदेखि २१ गतेसम्म छिन्चु स्वास्थ्य चौकीमा सन्चालन हुने पाठेघरको निःशुल्क क्यान्सर छनौट विशेषज्ञ शिविर सन्चालन गर्नका लागि नगरपालिकाको तर्फबाट प्रचारप्रसार, होल्डिङ्ग सेन्टर सरसफाई, फर्निचर, बेड, अस्थायी चर्पी, ट्यान्ट व्यवस्थापन, आन्तरिक जनशक्ति परिचालन, डाक्टरको टिमलाई खाना र बासको व्यबस्थापन गर्ने र उक्त कार्यमा लाग्ने खर्चको बजेट व्यवस्थापन उपयुक्त शीर्षकबाट नगरपालिकाले गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ३ (ख) : उद्योग शाखाको तालिमबाट उत्पादित सामग्री मानव सेवा आश्रमलाई दिने सम्बन्धमा ।**

निर्णय नं. ३ (ख) : यस भेरीगंगा नगरपालिकाको उद्योग विकास तथा सहकारी शाखाबाट तालिमको क्रममा उत्पादित बिभिन्न सामग्रीहरु मानवसेवा आश्रम सुर्खेतलाई उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ३ (ग) : भेरीगंगा न.पा. वडा नं. १ देखि १३ भेरीगंगा खानेपानी आयोजनाको टेण्डर सम्बन्धमा ।**

निर्णय नं. ३ (ग) : यस भेरीगंगा नगरपालिकाको शसर्त अनुदान कार्यक्रम अन्तर्गत भेरीगंगा न.पा. वडा नं. १ देखि १३ भेरीगंगा खानेपानी आयोजनाको बजेटबाट बिभिन्न वडाहरुबाट प्राप्त निबेदन तथा आवश्यकताका आधारमा खानेपानी योजनाहरुका लागि पाइप खरिद गर्न टेण्डर गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ३ (घ) : मेयरकप खेलकुद सन्चालन सम्बन्धमा ।**

निर्णय नं. ३ (घ) : यस भेरीगंगा नगरपालिकाको बार्षिक कार्यक्रम अन्तर्गत नगर खेलकुद विकास समितिको आयोजनमा सन्चालन हुनलागेको मेयरकप खेलकुद प्रतियोगिताको मिति, कार्यक्रम र नियमहरुको बारेमा नगर कार्यपालिका बैठकमा जानकारी प्राप्त भयो । सोही अनुसार उक्त प्रतियोगितालाई भव्य रुपमा सन्चालन गर्न वडा कार्यालय लगायत सरोकारवाला सबैलाई सहयोग गर्न आव्हान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

निर्णय प्रमाणित

**प्रस्ताव नं. ३ (ङ) : कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ३ (ङ) : यस भेरीगंगा नगरपालिकाका दरबन्दी रिक्त भएका मातहतका कार्यालयहरुमा आवश्यक पर्ने कर्मचारीहरु करार सेवामा विज्ञापन प्रकाशन गर्ने र पदपूर्ति गर्ने साथै दरबन्दी नभएको स्थानमा आवश्यकता अनुसार दैनिक ज्यालादारी कर्मचारीको रुपमा कर्मचारी नियुक्ति गर्नका लागि सेवा खरिद गर्न यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन सहित जिम्मेवारी दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ३ (च) : मतदाता नामावली अध्यावधिक सम्बन्धि जानकारी सम्बन्धमा ।**

निर्णय नं. ३ (च) : प्रदेश निर्वाचन कार्यालय सुर्खेतको मतदाता नामावली अध्यावधिक सम्वन्धि सूचना प्राप्त भई व्यहोरा अवगत भयो । सूचनामा लेखिएबमोजिमको मतदाता नामावली अध्यावधिक गर्नका लागि आवश्यक प्रचारप्रसार गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।